(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# सैनिक प्राविधिक सेवा नियमावली, २०७६

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७६/०२/२०

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सैनिक प्राविधिक सेवा नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सैनिक ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "पदपूर्ति समिति" भन्नाले नियम ८ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ।

(ग) "बढुवा समिति" भन्नाले नियम १७ बमोजिमको बढुवा समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सैनिक नियमावली" भन्नाले सैनिक सेवा नियमावली, २०६९ सम्झनु पर्छ।

(च) "सैनिक प्राविधिक सेवा" भन्नाले सैनिक नियमावलीको नियम ३ बमोजिमको सैनिक प्राविधिक सेवा सम्झनु पर्छ।

## परिच्छेद-२

## सैनिक प्राविधिक सेवाको पदपूर्ति तथा नियुक्ति

३. **सैनिक प्राविधिक सेवामा रहने समूह र उपसमूहः** सैनिक प्राविधिक सेवामा अनुसूची–१ मा उल्लेख भए बमोजिमका समूह तथा उपसमूह रहनेछन्।

४. **सैनिक प्राविधिक सेवामा रहने पदः** सैनिक प्राविधिक सेवामा अनुसूची–२ मा उल्लेख भए बमोजिमका पद रहनेछन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

५. **सैनिक प्राविधिक सेवाको पदपूर्ति:** (१) सैनिक प्राविधिक सेवाको सहसेनानी र सो भन्दा माथिका पदमा बढुवाद्वारा मात्र र अन्य पदमा अनुसूची–३ मा उल्लेख भए बमोजिम खुला प्रतियोगिता, बढुवा र आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(२) सैनिक प्राविधिक सेवा अन्तर्गतका सबै समूह तथा उपसमूहको अमल्दार तथा सुबेदार पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका नेपाली सेनाको जुनसुकै सेवा, समूहमा कार्यरत सैनिक उम्मेदवार हुन सक्नेछन् ।

(३) यस नियमावली बमोजिम महासेनानी र सोभन्दा माथिको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएकोमा बाहेक यस नियमावली बमोजिम आन्तरिक प्रतियोगिताबाट नियुक्त भएको उपसेनानी प्रमुख सेनानी पदसम्म मात्र बढुवा हुन सक्नेछ ।

तर सैनिक ब्याण्ड उपसमूहको हकमा यो व्यवस्था लागू हुने छैन ।

(४) उपनियम (१) बमोजिमको उपसेनानी पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका सम्बन्धित समूहको पदिक पदमा दश वर्ष सेवा अवधि पूरा गरेका सुबेदार उम्मेदवार हुन सक्नेछन् ।

(५) सैनिक प्राविधिक सेवाका कुनै एक समूह वा उपसमूहको सैनिकलाई अर्को समूह वा उपसमूहको पदमा बढुवाद्वारा पदपूर्ति गरिने छैन ।

(६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) महिला – बीस प्रतिशत
(ख) आदिवासी/जनजाति – बत्तीस प्रतिशत
(ग) मधेशी – अठ्ठाईस प्रतिशत
(घ) दलित – पन्ध्र प्रतिशत
(ङ) पिछडिएको क्षेत्र – पाँच प्रतिशत

स्पष्टीकरणः

(१) यस उपनियमको प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेशी, दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(३) खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समूहको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

(४) यस उपनियम बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित समूहको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर त्यसरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण महिला, आदिवासी/जनजाति, मधेशी र दलितलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको मानिनेछ ।

(५) यस उपनियम बमोजिम छुट्याइएका पदको लागि दरखास्त दिँदा देहायका कागजात संलग्न गरेको हुनु पर्नेछः-

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितको लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) मधेशीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) पिछडिएको क्षेत्रका लागि स्पष्टीकरणको उपखण्ड (२) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित भएको ।

(७) उपनियम (६) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(८) उपनियम (६) बमोजिम समावेशी तर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सो वर्षको सोही विज्ञापनमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गर्नु पर्नेछ ।

६. **सैनिक प्राविधिक सेवाको पदमा नियुक्ति हुनको लागि आवश्यक योग्यताः** (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने सैनिक प्राविधिक सेवाको पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) उपसेनानी पदको लागि दरखास्त दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई पुरुषको हकमा उनन्तीस वर्ष र महिलाको हकमा तीस वर्ष ननाघेको र सुबेदार, जमदार तथा अमल्दार पदको लागि अठार वर्ष उमेर पूरा भई पच्चीस वर्ष ननाघेको,

तर नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिकले पैंतीस वर्ष उमेर पूरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछ ।

(ग) नियुक्ति हुने पदको लागि नियम ७ बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको,



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) पुरुषको हकमा कम्तीमा पाँच फिट तीन इन्च र महिलाको हकमा कम्तीमा पाँच फिट उचाई भएको,

(ङ) पुरुषको हकमा छाती नफुलाउँदा बत्तीस इन्च र फुलाउँदा चौतीस इन्च भएको,

(च) पुरुषको हकमा कम्तीमा पचास किलो ग्राम (एकसय दस पौण्ड) महिलाको हकमा कम्तीमा चालीस किलोग्राम (अठासी पौण्ड) वजन भएको,

(छ) स्वास्थ्य वर्गीकरण एमईडिडिआईसिसिओएस-जि एक र बडी मास इन्डेक्स (बि.एम.आई.) मापदण्ड बमोजिम भएको,

(ज) आँखा माइनस दुई वा प्लस दुईभन्दा बढी कमजोर नभएको,

तर बहालवाला उम्मेदवारको हकमा माइनस दुई दशमलव पाँच वा प्लस दुई दशमलव पाँचभन्दा बढी नभएको।

(झ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(ञ) तत्काल कुनै पनि राजनीतिक दलको सदस्य नभएको वा नरहेको,

(ट) कुनै आपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको,

(ठ) कुनै विध्वंसात्मक उद्देश्य भएको संघ संस्थाको सदस्य नभएको वा नरहेको,

(ड) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको,

(ढ) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,

(ण) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,

(त) विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको।

(२) सैनिक प्राविधिक सेवाको आन्तरिक प्रतियोगिताद्वारा छनौटको लागि बढुवा हुने पदमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नियम ७ बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको,

(ख) बडी मास इन्डेक्स (बि.एम.आई.) मा योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस–जी दुई वा सोभन्दा कम भएको,

(ग) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको,

(घ) युनिट पतिको सिफारिस भएको।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७. **न्यूनतम शैक्षिक योग्यताः** (१) सैनिक प्राविधिक सेवाका खुला तथा आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा उम्मेदवार हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट अनुसूची–४ मा उल्लेख भए बमोजिमको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

(२) सैनिक प्राविधिक सेवाका अमल्दार, जमदार र सुबेदार पदको खुला तथा आन्तरिक प्रतियोगिताका लागि आवश्यक पर्ने अनुभव नेपाली सेनाले तोके बमोजिम हुनेछ ।

८. **पदपूर्ति समितिः** (१) सैनिक प्राविधिक सेवाको उपसेनानी पदमा खुला तथा आन्तरिक प्रतियोगिताबाट उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य – अध्यक्ष

(ख) मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – सदस्य

(ग) कार्यरथी – सदस्य

(घ) प्रधान सेनापतिले तोकेको सहायक रथी वा महा सेनानी – सदस्य

(ङ) भर्ना छनौट निर्देशनालयको निर्देशक –सदस्य-सचिव

(२) सैनिक प्राविधिक सेवाको अमल्दार, जमदार र सुबेदार पदमा खुला तथा आन्तरिक प्रतियोगिताबाट उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) भर्ना छनौट निर्देशनालयको निर्देशक – अध्यक्ष

(ख) प्रतिनिधि (अधिकृत), लोक सेवा आयोग – सदस्य

(ग) प्रतिनिधि (अधिकृत), मन्त्रालय – सदस्य

(घ) सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत प्रतिनिधि – सदस्य

(ङ) भर्ना छनौट निर्देशनालयको अधिकृत -सदस्य–सचिव

९. **परीक्षाको किसिमः** (१) सैनिक प्राविधिक सेवामा रिक्त रहेका पदमा पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्दा देहायको परीक्षा लिनु पर्नेछः-

(क) बियरिङ्ग परीक्षा,



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) बडी मास ईन्डेक्स (बि.एम.आई.) र प्रारम्भिक स्वास्थ्य परीक्षण,

(ग) शारीरिक परीक्षा,

(घ) लिखित परीक्षा,

(ङ) प्रयोगात्मक परीक्षा,

(च) विस्तृत स्वास्थ्य परीक्षण,

(छ) अन्तरवार्ता ।

(२) उपनियम (१) बमोजिमका परीक्षाका अतिरिक्त सैनिक प्राविधिक सेवाको उपसेनानी पदका उम्मेदवारको लागि गुणमापक परीक्षा (आइ.ओ, टि.ओ., जि.टि.ओ र बोर्ड कन्फ्रेन्स) समेत लिनु पर्नेछ ।

१०. **छात्रवृत्तिमा अध्ययन गर्ने क्याडेटलाई सैनिक सेवामा नियुक्ति सम्बन्धी व्यवस्था:** (१) सैनिक प्राविधिक सेवाका समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा स्वदेश वा विदेशमा अध्ययनको लागि नेपाली सेनालाई प्राप्त छात्रवृत्तिको कोटामा नेपाली सेनाले तोकेको बोर्डद्वारा छनौट गरी नेपाल सरकारको स्वीकृति लिई अध्ययनको लागि पठाउन सकिनेछ ।

(२) प्राविधिक सेवाको विभिन्न समूहमा प्राप्त छात्रवृत्ति कोटा अनुसार छनौट भएका व्यक्तिलाई एम.बि.बि.एस., बि.डि.एस., बि.फार्मेसी, बि.इ., बि.टेक. इत्यादि परीक्षा उत्तीर्ण गरेको मितिदेखि अस्थायी प्राविधिक उपसेनानी पदमा आयुक्त पद प्रदान गर्न सकिनेछ र नेपाल सरकारको मान्यता प्राप्त सम्बन्धित विषयगत परिषद्मा दर्ता भएपछि प्राविधिक उपसेनानी दर्जामा आयुक्त पद प्रदान गर्न सकिनेछ ।

(३) अधिकृत क्याडेटमा छनौट भई छात्रवृत्तिमा प्राविधिक सेवा अन्तर्गतको विषयहरुमा अध्ययन गर्न गएका व्यक्तिले निवृत्तभरण प्रयोजनको लागि मात्र अधिकृत क्याडेट छनौट भएको मितिदेखिको अवधिलाई प्राविधिक सेवामा जोडी निवृत्तभरण प्राप्त गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम अध्ययनको लागि प्राप्त छात्रवृत्तिमा छनौट भएका व्यक्तिलाई पदपूर्ति समितिले सैनिक सेवाको रिक्त पदमा स्थायी नियुक्तिको लागि सिफारिस गर्दा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न अपनाइने प्रक्रिया पूरा गरी सिफारिस गर्नु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

११. **नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा सैनिक प्राविधिक सेवाको उपसेनानी पदमा मन्त्रालयले र अन्य पदमा कार्यरथीले नियुक्ति गर्नेछ ।

१२. **उमेरको हदः** सैनिक प्राविधिक सेवाका अधिकृतको उमेरको हद ऐनको अनुसूची–३ को प्राविधिक तर्फको समान तहको अधिकृत सरह र देहायको पदमा कार्यरत सैनिकको उमेरको हद देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | अमल्दार | उनन्चास वर्ष |
| (ख) | हुद्दा | पचास वर्ष |
| (ग) | जमदार | एकाउन्न वर्ष |
| (घ) | सुबेदार | बाउन्न वर्ष |

१३. **पदावधिः** सैनिक प्राविधिक सेवाका उपरथी देखि प्रमुख सेनानीसम्मका अधिकृतको पदावधि ऐनको अनुसूची–४ मा उल्लेख भएको प्राविधिक तर्फको अधिकृत सरह हुनेछ ।

## परिच्छेद–३

## बढुवा

१४. **बढुवाको लागि आवश्यक योग्यताः** (१) सैनिक प्राविधिक सेवाको पदमा बढुवा हुनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) अनुसूची–५ बमोजिमको तालीम पूरा भएको,

(ख) कार्यसम्पादन मूल्याङ्कनमा योग्य देखिएको,

(ग) नियम ७ बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको,

तर यो नियमावली प्रारम्भ हुँदाका बखत आन्तरिक तथा खुला प्रतियोगिताद्वारा सेवा प्रवेश गरिसकेका सैनिक व्यक्तिको हकमा सेवा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यताको आधारमा प्रमुख सेनानीसम्मको पदमा बढुवा हुन बाधा पर्ने छैन ।

(घ) नियम १५ बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको,

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि) उत्तीर्ण गरेको,

तर कुनै सैनिक कर्तव्य पालनाको सिलसिलामा घाइते भई यस खण्ड बमोजिमको परीक्षामा सहभागी हुन नसक्ने भए पनि सैनिक नियमावलीको नियम ३७ बमोजिम स्वास्थ्य वर्गीकरणमा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

योग्य ठहरिएमा निज यस नियमावली बमोजिम बढुवाको लागि योग्य हुनेछ ।

(च) बडी मास ईन्डेक्स (बि.एम.आई.) र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस–जी मा दुई वा सोभन्दा कम भएको।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सैनिक व्यक्ति यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्ने छन्-

(क) हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालीम नलिएको,

(ख) सैनिक ब्याण्ड उपसमूह र असवाव खाना उपसमूह अन्तर्गतका पदमा यस नियमावलीमा उल्लेख गरिएका तालीम नलिएको ।

(३) सैनिक स्वास्थ्य समूहको महासेनानी र सोभन्दा माथिका पदमा बढुवा हुन क्रमशः मेडिकल उपसमूह र डेन्टल उपसमूहमा सम्बन्धित विषयमा पोष्टग्र्याजुएशन, विविध मेडिकल ट्रेड उपसमूहमा सम्बन्धित विषयमा स्नातकोत्तर तथा नर्सिङ्ग उपसमूहमा पोष्ट ग्र्याजुएशन (मास्टर्स इन नर्सिङ्ग वा एम.एस्सी इन नर्सिङ्ग) गरेको हुनु पर्नेछ ।

(४) सैनिक ईन्जिनियरिङ्ग समूहको महासेनानी र सोभन्दा माथिका पदमा बढुवा हुन क्रमशः उत्पादन उपसमूह, मर्मत तथा सम्भार उपसमूहमा सम्बन्धित विषयमा स्नातकोत्तर, सर्भे उपसमूहमा सम्बन्धित विषयमा वा जुनसुकै विषयमा स्नातकोत्तर, सिभिल तथा आर्किटेक्चर उपसमूह र सूचना प्रविधि उपसमूहमा सम्बन्धित विषयमा स्नातकोत्तर गरेको हुनु पर्नेछ ।

(५) पशु विकास तथा पशु स्वास्थ्य समूहका महा सेनानी पदमा बढुवा हुन भेटेरिनरी वा एनिमल साइन्स सम्बन्धी कुनै विषयमा पोष्ट ग्र्याजुयट डिप्लोमा वा स्नातकोत्तर गरेको हुनु पर्नेछ ।

(६) अन्य प्राविधिक समूहको जनसम्पर्क तथा मनोवैज्ञानिक उपसमूहका महासेनानी पदमा बढुवा हुन सम्बन्धित विषय वा जुनसुकै विषयमा स्नातकोत्तर गरेको हुनु पर्नेछ ।

(७) उपनियम (३), (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत सैनिक स्वास्थ्य समूह, सैनिक इन्जिनियरिङ्ग समूह, पशु विकास तथा पशु स्वास्थ्य समूह र अन्य प्राविधिक समूह अन्तर्गत विभिन्न उपसमूहका महासेनानी र सोभन्दा माथिको पदमा क्रमशः पोष्ट ग्र्याजुएशन र स्नातकोत्तर उपाधि प्राप्त गरेको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नभए तापनि यो नियमावली प्रारम्भ भएको मितिले चार वर्षसम्म माथिल्लो पदमा बढुवा हुन बाधा पर्ने छैन ।

(८) सैनिक इन्जिनियरिङ्ग समूह अन्तर्गतको सूचना प्रविधि उपसमूहको जमदार पदमा बढुवा हुन दश जोड दुई वा सो सरह उत्तीर्ण गरी सफ्टवेयर, नेटवर्किङ सम्बन्धी तालीम वा आइ.इ. (इलेक्ट्रोनिक वा कम्प्युटर वा आइ.टी.) वा एकेडेमिक कम्प्युटर डिप्लोमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(९) अन्य प्राविधिक समूह अन्तर्गतको ब्यान्ड उपसमूहको जमदार पदमा बढुवा हुन आठ कक्षा वा सो सरह वा आर्मी फष्ट क्लास र ब्यान्ड उपसमूहको सुबेदार पद तथा असवाव खाना उपसमूह र एम्यूनिशन कार्य उपसमूहको जमदार पदमा बढुवा हुन एस.एल.सी.वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरेको हुनु पर्नेछ ।

१५. **बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधिः** (१) सैनिक प्राविधिक सेवाका देहायका पदमा बढुवा हुनको लागि देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

| बढुवा हुने पद | अधिकृत सेवा अवधि |
|---|---|
| (क) सहसेनानी | दुई वर्ष |
| (ख) सेनानी | सात वर्ष |
| (ग) प्रमुख सेनानी | तेह्र वर्ष |
| (घ) महासेनानी | सत्र वर्ष |
| (ङ) सहायक रथी | बीस वर्ष |
| (च) उपरथी | एक्काइस वर्ष |

(२) सैनिक प्राविधिक सेवाका देहायका पदमा बढुवा हुनको लागि देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

| बढुवा हुने पद | सेवा अवधि |
|---|---|
| (क) हुद्दा | दुई वर्ष |
| (ख) जमदार | चार वर्ष |
| (ग) सुबेदार | नौ वर्ष |

(३) उपनियम (२) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला प्रतियोगिताद्वारा जमदार पदमा नियुक्ति भई पाँच वर्ष सेवा अवधि पुगेको व्यक्ति सुबेदार पदमा बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१६. **बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै सैनिक व्यक्ति बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(घ) वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराममा (नेकिबदीको कलमी चित्र लेखिने महलमा) बढुवाको लागि अयोग्य भनी लेखिएको र त्यस्तो रायलाई अख्तियारी प्राप्त सैनिक अधिकारीबाट समर्थन गरिएको अवस्थामा सो आर्थिक वर्षसम्म,

(ङ) निजी प्रयासमा अध्ययन वा तालीमको लागि विदामा बसेकोमा सो अवधिभर,

(च) कुनै कसूरको सम्बन्धमा कोर्ट अफ ईन्क्वाइरीमा विचाराधिन रहेकोमा सो अवधिभर,

(छ) कुनै कसूरको छानबिनको क्रममा रहेको अवस्थामा सो छानबिन समाप्त नभएसम्म,

(ज) कुनै कसूरको सम्बन्धमा अदालतमा मुद्दा दायर भएकोमा अदालतबाट सफाई नपाएसम्म,

(झ) कुनै कसूरमा अदालतबाट सजाय भएकोमा सो सजाय भुक्तान नगरेसम्म ।

(२) देहायको अवस्थामा अधिकृत, पदिक तथा बिल्लादार बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) आर्थिक अनियमितता र बहुविवाह जस्ता कसूरमा सजाय पाएमा,

(ख) मानव अधिकार वा मानवीय कानूनको उल्लङ्घन हुने कार्य गरेको भनी अदालतबाट ठहर भएमा,

(ग) स्वास्थ्य वर्गीकरण एमईडिडिआइसिसिओएस–जी दुईभन्दा बढी भएमा ।

(३) उपनियम (२) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिकलाई तालीम वा आफ्नो पदीय कर्तव्य पालना गर्दाको अवस्थामा कुनै शारीरिक चोटपटक लागेमा र निजको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निज शारीरिक तथा मानसिक रूपमा स्वस्थ रही आफ्नो पद अनुरुपको कार्य तथा सम्बन्धित तालीम गर्न सक्षम देखी मेडिकल बोर्डले निजलाई स्वास्थ्य वर्गीकरण एमईडिडिआइसिसिओएस–जी दुई प्रदान गरेमा त्यस्तो सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

१७. **<u>बढुवा समितिः</u>** सैनिक प्राविधिक सेवाको पदमा गरिने बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) <u>उपरथी पदका लागिः-</u>

(अ) प्रधान सेनापतिले तोकेको रथी –अध्यक्ष

(आ) प्रधान सेनापतिले तोकेको विभागीय प्रमुख उपरथी –सदस्य

(इ) प्रधान सेनापतिले तोकेको उपरथी एकजना –सदस्य

(ई) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी –सदस्य

(उ) कार्यरथी –सदस्य–सचिव

(ख) <u>सहायक रथी पदका लागिः-</u>

(अ) प्रधान सेनापतिले तोकेको रथी –अध्यक्ष

(आ) प्रधान सेनापतिले तोकेको विभागीय प्रमुख उपरथी –सदस्य

(इ) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी –सदस्य

(ई) प्रधान सेनापतिले तोकेको सम्बन्धित प्राविधिक समूहको उपरथी वा सम्बन्धित प्राविधिक समूहको उपरथी नरहेको अवस्थामा प्रधान सेनापतिले तोकेको उपरथी –सदस्य

(उ) सैनिक सचिव –सदस्य–सचिव

(ग) <u>महासेनानी पदका लागिः-</u>

(अ) प्रधान सेनापतिले तोकेको रथी –अध्यक्ष

(आ) कार्यरथी –सदस्य

(इ) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी –सदस्य

(ई) प्रधान सेनापतिले तोकेको सम्बन्धित प्राविधिक समूहको सहायक रथी वा सम्बन्धित प्राविधिक समूहको सहायक रथी नरहेको अवस्थामा प्रधान सेनापतिले तोकेको सहायक रथी –सदस्य

(उ) सैनिक सचिव -सदस्य–सचिव

(घ) <u>उप सेनानीदेखि प्रमुख सेनानीसम्मको पदका लागिः-</u>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(अ) प्रधान सेनापतिले तोकेको बरिष्ठतम उपरथी –अध्यक्ष

(आ) कार्यरथी –सदस्य

(इ) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी –सदस्य

(ई) प्रधान सेनापतिले तोकेको सम्बन्धित प्राविधिक समूहको सहायक रथी वा महा सेनानी –सदस्य

(उ) सैनिक सचिव -सदस्य–सचिव

(ङ) <u>अमल्दार, हुद्दा, जमदार र सुबेदार पदका लागिः-</u>

(अ) विभाग वा महानिर्देशनालय वा निर्देशनालयको हकमा विभागीय प्रमुख वा महानिर्देशक वा निर्देशकले तोकेको बरिष्ठ अधिकृत र अन्य युनिटको हकमा सम्बन्धित युनिटको प्रमुखले तोकेको निज पछिको बरिष्ठ अधिकृत –अध्यक्ष

(आ) विभाग वा महानिर्देशनालय वा निर्देशनालयको हकमा विभागीय प्रमुख वा महानिर्देशक वा निर्देशकले र अन्य युनिटको हकमा सम्बन्धित युनिटको प्रमुखले तोकेको अधिकृत वा पदिक दुई जना –सदस्य

(इ) विभाग वा महानिर्देशनालय वा निर्देशनालयको हकमा विभागीय प्रमुख वा महानिर्देशक वा निर्देशकले र अन्य युनिटको हकमा सम्बन्धित युनिटको प्रमुखले तोकेको बढुवा हुने दर्जा भन्दा एक तह माथिल्लो दर्जाको एकजना –सदस्य

(ई) कार्य अधिकृत वा कार्य पदिक –सदस्य-सचिव

१८. <u>बढुवा गर्ने अधिकारीः</u> सैनिक प्राविधिक सेवाको देहायका पदमा बढुवा समितिको सिफारिसमा देहायको अधिकारीले बढुवा गर्न सक्नेछः-

(क) महा सेनानीदेखि उपरथीसम्म –नेपाल सरकार

(ख) उप सेनानीदेखि प्रमुख सेनानीसम्म –प्रधान सेनापति

(ग) जमदार र सुबेदार – सम्बन्धित समूहको प्रमुख वा निर्देशक वा महानिर्देशक

(घ) हुद्दा दर्जासम्म –सम्बन्धित कार्यालय प्रमुख

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१९. **<u>स्थानीय, मानार्थ तथा विशेष बढुवाः</u>** स्थानीय, मानार्थ तथा विशेष बढुवा सम्बन्धी व्यवस्था सैनिक नियमावली बमोजिम हुनेछ ।

२०. **<u>कार्यवाहक बढुवाः</u>** (१) सैनिक प्राविधिक सेवाका बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका र अधिकृत पदमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका सह सेनानी देखि सहायक रथीसम्मका अधिकृतलाई एक तह माथिको पद रिक्त रहेको अवस्थामा बढुवा समितिको सिफारिसमा आवश्यकता अनुसार नियम १८ बमोजिमको अधिकारीले कार्यवाहक बढुवा गर्न सक्नेछः-

| बढुवा हुने पद | अधिकृत सेवा अवधि |
|---|---|
| सेनानी | छ वर्ष |
| प्रमुख सेनानी | बाह्र वर्ष |
| महासेनानी | सोह्र वर्ष |
| सहायक रथी | उन्नाइस वर्ष |
| उपरथी | बीस वर्ष |

(२) उपनियम (१) बमोजिम बढुवा गर्दा ज्येष्ठतालाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक बढुवा भएको अधिकृतले कार्यवाहक पाएको पदको तलब र दर्ज्यानी चिन्ह लगाउन पाउनेछ ।

(४) कार्यवाहक बढुवा हुने अधिकृतले कार्यवाहक अवधिभरको तलब बृद्धि (ग्रेड) पाउने छैन ।

## परिच्छेद–४

## <u>विविध</u>

२१. **<u>सरुवा सम्बन्धी व्यवस्थाः</u>** सैनिक प्राविधिक सेवाका देहायका सैनिक व्यक्तिलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) महासेनानी देखि उपरथीसम्म –प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकार

(ख) उपसेनानी देखि प्रमुख सेनानीसम्म –सम्बन्धित विभाग, निर्देशनालय तथा कार्यालय प्रमुखको सिफारिसमा प्रधान सेनापति

(ग) खण्ड (क) र (ख) मा उल्लिखित –सम्बन्धित कार्यालय प्रमुखको सिफारिसमा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बाहेकका अन्य पद विभाग तथा निर्देशनालय प्रमुख

२२. **समूहिकृत हुने:** (१) यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाली सेनाको विकास निर्माण महाशाखा, विकास निर्माण कार्यदल गण–१ र विकास निर्माण कार्यदल गण–२ मा कार्यरत प्राविधिक सैनिक व्यक्तिहरु (पाइनियर गणबाट विकास निर्माण समूहमा समूहिकृत भएका समेत) यो नियमावली प्रारम्भ भएपछि स्वतः प्राविधिक सेवाको सैनिक इन्जिनियरिङ्ग समूहको सिभिल तथा आर्किटेक्चर उपसमूहमा समूहिकृत हुनेछन् ।

(२) यो नियमावली लागू हुँदाको बखत सैनिक साधारण सेवा वा अन्य सेवाबाट सरुवा बढुवा भई विकास निर्माण महाशाखा र सो अन्तर्गत कार्यरत सैनिक व्यक्तिहरु यो नियमावली प्रारम्भ भएपछि पहिला जुन सेवाबाट सरुवा बढुवा भई आएका हुन स्वतः सोही सेवामा समूहिकृत हुनेछन् ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत सैनिक साधारण सेवाबाट विकास निर्माण समूहमा सरुवा वा बढुवा भई कार्यरत सैनिक व्यक्तिहरुको हकमा सम्बन्धित पदभन्दा माथिल्लो पदमा बढुवाको लागि साधारण सेवा तर्फको बढुवा हुने पदको लागि आवश्यक पर्ने तालीम लिनु पर्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुँदाका बखत पाइनियर गणबाट विकास निर्माण समूहमा समूहिकृत भई कार्यरत सैनिक व्यक्तिहरु प्राविधिक सेवाको इन्जिनियरिङ्ग समूहको सिभिल तथा आर्किटेक्चर उपसमूहमा समूहिकृत हुँदा निवृत्तभरणको लागि आवश्यक न्यूनतम सेवा अवधि नपुग्दै उमेरको हदले अवकाश हुने भएमा त्यस्ता सैनिक व्यक्तिलाई निवृत्तभरणको लागि आवश्यक पर्ने सेवा अवधि थप गरी निवृत्तभरण दिइनेछ ।

२३. **सैनिक नियमावली बमोजिम हुने:** यस नियमावलीमा लेखिएको हकमा यसै नियमावली बमोजिम र अन्यको हकमा सैनिक नियमावली बमोजिम हुनेछ ।

२४. **खारेजी तथा बचाउ:** (१) देहायका नियमहरु खारेज गरिएका छन्:

(क) सैनिक प्राविधिक सेवा नियमहरु, २०१९,

(ख) सैनिक (पायनियर गण) भर्ना नियमहरू, २०२०

(ग) सैनिक प्याराच्युट फोल्डर महिला नियमावली, २०४६,

(घ) सैनिक उपचारिका नियमावली, २०४९।

(२) उपनियम (१) मा उल्लिखित नियमहरु बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची–१
### (नियम ३ सँग सम्बन्धित)
### सैनिक प्राविधिक सेवामा रहने समूह तथा उपसमूहरु

| क्रम सङ्ख्या | सैनिक प्राविधिक सेवामा रहने समूहहरु | समूह अन्तर्गत रहने उपसमूहहरु |
|---|---|---|
| (क) | सैनिक स्वास्थ्य समूह | (१) मेडिकल उपसमूह<br>(२) डेन्टल उपसमूह<br>(३) नर्सिङ्ग उपसमूह<br>(४) विविध मेडिकल ट्रेड उपसमूह |
| (ख) | सैनिक इन्जिनियरिङ्ग समूह | (१) उत्पादन उपसमूह<br>(२) मर्मत तथा सम्भार उपसमूह<br>(३) सिभिल तथा आर्किटेक्चर उपसमूह<br>(४) सूचना प्रविधि उपसमूह<br>(५) सर्भे उपसमूह |
| (ग) | पशु विकास तथा पशु स्वास्थ्य समूह | |
| (घ) | अन्य प्राविधिक समूह | (१) जनसम्पर्क तथा मनोवैज्ञानिक उपसमूह<br>(२) सैनिक ब्याण्ड उपसमूह<br>(३) असवाव खाना उपसमूह<br>(४) एम्युनिशन कार्य उपसमूह<br>(५) प्याराच्युट फोल्डर तथा मर्मत उपसमूह<br>(६) लाइब्रेरी उपसमूह |

द्रष्टव्यः सैनिक स्वास्थ्य समूहको विविध मेडिकल ट्रेड उपसमूह अन्तर्गत देहायका मेडिकल ट्रेड रहनेछन्ः-

(१) ह्युमन एनाटोमी, ह्युमन फिजियोलोजी, बायोकेमेस्ट्री, माइक्रोबायोलोजी, बायोमेडिकल, प्याथोलोजी, अर्थोटिक्स प्रोस्थेटिस्ट, हाइजिन एण्ड सेनिटेशन, कम्युनिटी मेडिसिन, कम्युनिटी एण्ड सोसियल मेडिसिन, मेडिकल एजुकेशन डिपार्टमेण्ट, फर्माकोलोजी जस्ता वेशिक साइन्स फ्याकल्टिज,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) टेक्नोलोजिष्ट, रेडियो डायग्नोसिस टेक्नोलोजिष्ट वा इ.इ.जि. टेक्नोलोजिष्ट एण्ड इ.सि.जि. टेक्नोलोजिष्ट, पल्मोनरी फङ्सन टेस्ट, कार्डिएक स्टडिज, नर्भ कन्डक्सन स्टडिज जस्ता फिजियोलोजिकल मेजरमेण्ट टेक्नोलोजिष्ट,

(३) फुड टेक्नोलोजिष्ट, अडियोमेट्रिसियन, स्पीच थेरापिस्ट, ओ.टि. टेक्नोलोजिष्ट, एनेस्थेसिया टेक्नोलोजिष्ट, ल्याब्रोटरी टेक्नोलोजिष्ट, अर्थोपेडिक प्रोस्थेटिस्ट टेक्नोलोजिष्ट, आउट पेसेन्ट म्यानेजमेण्ट टेक्नोलोजिष्ट, डेन्टल टेक्नोलोजिष्ट, इ.एन.टि.,

(४) अप्टीसियन्स, अप्टोमेट्रिसिस्ट जस्ता अप्थाल्मोलोजी टेक्नोलोजिष्ट,

(५) इन्डोस्कोपिक स्टडी प्रोसिजर टेक्नोलोजिष्ट, मेडिकल इन्फरमेसन एण्ड टेक्नोलोजी सेक्सन टेक्नोलोजिष्ट (हस्पिटल इन्फरमेसन सिस्टम),

(६) हाइजिन एण्ड सेनिटेशन र

(७) नेपाली सेनाबाट स्वीकृत भएका स्वास्थ्य सेवासँग सम्बन्धित अन्य ट्रेड ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची–२
## (नियम ४ सँग सम्बन्धित)
## <u>सैनिक प्राविधिक सेवामा रहने पदहरु</u>

| क्र.सं. | सैनिक प्राविधिक सेवा अन्तर्गतका समूह र त्यस अन्तर्गत रहने पदहरु | | | |
|---|---|---|---|---|
| | (क) सैनिक स्वास्थ्य समूह | (ख) सैनिक इन्जिनियरिङ्ग समूह | (ग) पशु विकास तथा पशु स्वास्थ्य समूह | (घ) अन्य प्राविधिक समूह |
| १. | अमल्दार | (क) अमल्दार<br>(ख)अमल्दार (आरमोरर, अर्ममेन्ट र इन्स्टुमेन्ट मेकानिक्स)<br>(ग) अमल्दार (रेडियो, भेहिकल र जनरल मेकानिक्स) | अमल्दार | अमल्दार |
| २. | हुद्दा | हुद्दा | हुद्दा | हुद्दा |
| ३. | जमदार | (क) जमदार<br>(ख) जमदार (रेडियो, भेहिकल र जनरल मेकानिक्स)<br>(ग) जमदार (आरमोरर, अर्ममेन्ट र इन्स्ट्रुमेन्ट मेकानिक्स) | जमदार | जमदार |
| ४. | सुबेदार | (क) सुबेदार<br>(ख) सुबेदार ड्राफ्टमेन<br>(ग) सुबेदार ओभरसियर | सुबेदार | सुबेदार |
| ५. | उपसेनानी | उपसेनानी | उपसेनानी | उपसेनानी |
| ६. | सहसेनानी | सहसेनानी | सहसेनानी | सहसेनानी |
| ७. | सेनानी | सेनानी | सेनानी | सेनानी |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| ८. | प्रमुख सेनानी | प्रमुख सेनानी | प्रमुख सेनानी | प्रमुख सेनानी |
| ९. | महासेनानी | महासेनानी | महासेनानी | महासेनानी |
| १०. | सहायक रथी | सहायक रथी | - | - |
| ११. | उपरथी | उपरथी | - | - |

द्रष्टव्यः

(१) सैनिक इन्जिनियरिङ्ग समूह अन्तर्गत क्रम सङ्ख्या १ को खण्ड (ख) र (ग) बमोजिम रहने अमल्दार (आरमोरर, आर्मामेन्ट र इन्स्ट्रुमेन्ट मेकानिक्स), अमल्दार (रेडियो, भेहिकल र जनरल मेकानिक्स), क्रम सङ्ख्या ३ को खण्ड (ख) र (ग) बमोजिम रहने जमदार (रेडियो, भेहिकल र जनरल मेकानिक्स) र जमदार (आरमोरर, आर्मामेन्ट र इन्स्ट्रुमेन्ट मेकानिक्स) पद सो समूहको मर्मत तथा सम्भार उपसमूहमा मात्र रहनेछ ।

(२) सैनिक इन्जिनियरिङ्ग समूह अन्तर्गत क्रम सङ्ख्या ४ को खण्ड (ख) बमोजिम रहने सुबेदार ड्राफ्टमेन पद सो समूहको सिभिल तथा आर्किटेक्चर उपसमूहमा मात्र र खण्ड (ग) बमोजिम रहने सुबेदार ओभरसियर पद सो समूहको सिभिल तथा आर्किटेक्चर उपसमूह र सर्भे उपसमूहमा मात्र रहनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची–३
## (नियम ५ को उपनियम (१) सँग सम्बन्धित)
## सैनिक प्राविधिक सेवामा रहने पदहरुको पदपूर्तिको प्रतिशत सम्बन्धी व्यवस्था

(क) सैनिक स्वास्थ्य समूह अन्तर्गतका पदको पदपूर्ति

| क्र.सं. | पद | खुला प्रतियोगिताद्वारा | | | | बढुवाद्वारा | | | | आन्तरिक प्रतियोगिताद्वारा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मेडिकल उपसमूह | डेन्टल उपसमूह | नर्सिङ उपसमूह | विविध मेडिकल ट्रेड उपसमूह | मेडिकल उपसमूह | डेन्टल उपसमूह | नर्सिङ उपसमूह | विविध मेडिकल ट्रेड उपसमूह | मेडिकल उपसमूह | डेन्टल उप समूह | नर्सिङ उप समूह | विविध मेडिकल ट्रेड उप समूह |
| १. | अमल्दार | ६०% | ६०% | | | - | - | | | ४०% | ४०% | | |
| २. | हुद्दा | - | - | | | १००% | १००% | | | - | - | | |
| ३. | जमदार | - | - | | | १००% | १००% | | | - | - | | |
| ४. | सुबेदार | - | - | १००% | ७०% | १००% | १००% | - | - | - | - | - | ३०% |
| ५. | उप सेनानी | १००% | १००% | ७०% | ७०% | - | - | - | - | - | - | ३०% | ३०% |

(ख) सैनिक इन्जिनियरिङ्ग समूह अन्तर्गतका पदको पदपूर्ति

| क्र.सं. | पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | उत्पादन उपसमूह | मर्मत तथा सम्भार उपसमूह | सिभिल तथा आर्किटेक्चर उपसमूह | सूचना प्रविधि उपसमूह | सर्भे उपसमूह | उत्पादन उपसमूह | मर्मत तथ सम्भार उपसमूह | सिभिल तथा आर्किटेक्चर उपसमूह | सूचना प्रविधि उपसमूह | सर्भे उपसमूह | उत्पादन उपसमूह | मर्मत तथा सम्भार उपसमूह | सिभिल तथा आर्किटेक्चर उपसमूह | सूचना प्रविधि उपसमूह | सर्भे उपसमूह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | अमल्दार | ७० % | | ६०% | ८०% | ७०% | - | | - | - | - | ३०% | - | ४०% | २०% | ३०% |
| | अमल्दार (आरमोरर, अर्ममेन्ट, र इन्स्ट्रुमेन्ट मेकानिक्स) | | ३०% | | | | | - | | | | | ७०% | | | |
| | अमल्दार (रेडियो, भेहिकल र जनरल मेकानिक्स) | | ७०% | | | | | - | | | | | ३०% | | | |
| २. | हुद्दा | - | - | - | - | - | १०० % | १०० % | १००% | १०० % | १०० % | - | - | - | - | - |
| ३. | जमदार | – | | – | २५% | – | १०० % | | १००% | ७५% | १०० % | – | | – | – | – |
| | जमदार (रेडियो, भेहिकल र जनरल मेकानिक्स) | | ३०% | | | | | ७०% | | | | | - | | | |
| | जमदार (आरमोरर, अर्ममेन्ट, र इन्स्ट्रुमेन्ट मेकानिक्स) | | - | | | | | १०० % | | | | | - | | | |
| ४. | सुबेदार | - | - | - | - | - | १०० % | १०० % | १००% | १०० % | १०० % | - | - | - | - | - |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुबेदार ड्राफ्टमेन सुबेदार ओभरसियर | | | ९०% | | ९०% | | | – | | – | | | १०% | | १०% |
| ५. | उप सेनानी | ७० % | ७५% | ७०% | ८०% | ७०% | – | – | – | – | – | ३०% | २५% | ३०% | २०% | ३०% |

(ग) पशु विकास तथा पशु स्वास्थ्य समूह अन्तगर्तका पदको पदपूर्ति

| क्र.सं. | पद | खुला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| १ | अमल्दार | ६०% | – | ४०% |
| २ | हुद्दा | – | १००% | – |
| ३ | जमदार | – | १००% | – |
| ४ | सुबेदार | – | १००% | – |
| ५ | उप सेनानी | १००% | – | – |

(घ) अन्य प्राविधिक समूह अन्तगर्तका पदको पदपूर्ति

| क्र.सं. | पदनाम | खुला प्रतियोगिताद्वारा | | | | | | | बढुवाद्वारा | | | | | | आन्तरिक प्रतियोगिताद्वारा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनसम्पर्क तथा मनोवैज्ञानिक उपसमूह | सैनिक ब्याण्ड उपसमूह | असवाव खाना उपसमूह | एम्युनिशन कार्य उपसमूह | प्याराच्युट फोल्डर तथा मर्मत उपसमूह | | लाइब्रेरी उपसमूह | जनसम्पर्क तथा मनोवैज्ञानिक उपसमूह | सैनिक ब्याण्ड उपसमूह | असवाव खाना उपसमूह | एम्युनिशन कार्य उपसमूह | प्याराच्युट फोल्डर तथा मर्मत उपसमूह | लाइब्रेरी उपसमूह | जनसम्पर्क तथा मनोवैज्ञानिक उपसमूह | सैनिक ब्याण्ड उपसमूह | असवाव खाना उपसमूह | एम्युनिशन कार्य उपसमूह | प्याराच्युट फोल्डर तथा मर्मत उपसमूह | | लाइब्रेरी उपसमूह |
| १ | अमल्दार | २०% | ७० % | ३० % | – | पुरुष | महिला | | ७०% | – | – | – | – | | १०% | ३०% | ७०% | १०० % | पुरुष | महिला | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | – | ६०% | | | | | | | | | | | | १०० % | ४० % | |
| २ | हुद्दा | – | – | – | – | – | | | १००% | १०० % | १०० % | १०० % | १००% | | – | – | – | – | – | | |
| ३ | जमदार | २५% | – | – | – | – | | | ७५% | १०० % | १०० % | १०० % | १००% | | – | – | – | – | – | | |
| ४ | सुबेदार | – | – | – | – | – | | | १००% | १०० % | १०० % | १०० % | १००% | | – | – | – | – | – | | |
| ५ | उप सेनानी | ७०% | ३० % | – | | – | | १०० % | – | – | – | | – | – | ३०% | ७०% | १०० % | | १००% | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची–४

### (नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>सैनिक प्राविधिक सेवाको विभिन्न पदको खुला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता</u>**

(क) सैनिक स्वास्थ्य समूह

१.मेडिकल उपसमूह

| पद | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|
| | खुला प्रतियोगिता | आन्तरिक प्रतियोगिता |
| अमल्दार | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सि.एम.ए. तालीम वा हेल्थ असिस्टेन्ट उत्तीर्ण गरेको वा मेडिकल सम्बन्धी सो सरह मान्यता प्राप्त गरेको र नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता भएको । | एस.एल.सी. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी नर्सिङ्ग असिस्टेन्ट ग्रेड तीन तालीम उत्तीर्ण गरेको । |
| उपसेनानी | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा एम.बि.बि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | - |

२.डेन्टल उपसमूह

| पद | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|
| | खुला प्रतियोगिता | आन्तरिक प्रतियोगिता |
| अमल्दार | एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कम्तीमा दुई वर्ष डेन्टल हाइजेनिष्ट वा सो सरह डेन्टल सम्बन्धी मान्यता प्राप्त तालीम उत्तीर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको । | एस.एल.सी. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरी नर्सिङ्ग असिस्टेन्ट ग्रेड तीन तालीम उत्तीर्ण गरेको । |
| उपसेनानी | एस.एल.सी.वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा बि.डि.एस. उत्तीर्ण गरी एक वर्षे | - |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| | इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |

३.नर्सिङ उपसमूह

| पद | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|
| | खुला प्रतियोगिता | आन्तरिक प्रतियोगिता |
| सुबेदार | नर्सिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । | – |
